जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९

# राजविराज दैनिक

स.जि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३१ | अंक ९४ | २०७८ साल कात्तिक १८ गते बिहीबार (4 Nov. 2021 Thursday) | मूल्य रु. ५/-

**Log on : rajbirajdainik.com.np**

कोरोनाकालको चाडबाडः सकेसम्म नगरौं भेटघाट,
भाइरसबाट जोगिएर मनाऔंला अर्को साल ।

नेपाल सरकार
विज्ञापन बोर्ड

*यस अंक भित्र :* २ पृष्ठमा : एमालेको महाधिवेशन तयारीः... ३ पृष्ठमा : पदकसम्बन्धी विधेयक ... ३ पृष्ठमा :इथियोपियाको हिंसाबारे...

# सप्तरीमा ३२ वटा बर्थिङ सेन्टर संचालनमा




**दैनिक समाचारदाता
राजविराज, १७ कात्तिक ।**

सप्तरीको हनुमाननगर कंकालिनी नगरपालिका १४ रम्पुरा मल्हनियामा थप एक बर्थिङ सेन्टर स्थापना भएपछि जिल्लामा बर्थिङ सेन्टरको संख्या ३२ पुगेको छ ।

प्रदेश २ सरकारको सामाजिक विकास मन्त्रालयको १ करोड २० लाखको लागतमा अत्याधुनिक प्रविधिसहितको बर्थिङ सेन्टर संचालनमा आएको हो ।

विभिन्न स्वास्थ्य सेवासहितको बर्थिङ सेन्टरको बुधबार एक समारोहकाबीच प्रदेश २ का सामाजिक विकास मन्त्री नवलकिशोर साहले उद्घाटन गरे ।

उद्घाटन समारोहमा प्रमुख अतिथि मन्त्री साहले विगतमा सुत्केरी व्यथा लागेका कतिपय महिलाको अस्पताल नपुग्दै ज्यान जान्थ्यो तर, अब आफ्नै गामठाममा यो सेवा उपलब्ध भएपछि यस्तो समस्याको अन्त्य भएको बताए ।

मन्त्री साहले प्रदेश सरकार स्वास्थ्य, शिक्षा, कृषि क्षेत्रका साथै मानव संशाधनको क्षमता अभिबृद्धिका लागि उपलब्ध साधन श्रोतले भ्याएसम्म सहयोग गरिरहेको र भविष्यमा पनि यस्ता कार्यलाई निरन्तरता दिने प्रतिबद्धता समेत जनाए ।

सोही कार्यक्रममा जिल्ला स्वास्थ्य कार्यालयका प्रमुख दुनियालाल यादवले जिल्लामा प्रसुती सेवाका लागि यो समेत गरि हालसम्म ३२ वटा बर्थिङ सेन्टर संचालनमा आइसकेको जानकारी दिदै अब सुत्केरी महिलाहरुलाई बाहिर जानु नपर्ने बताए ।


स्वास्थ्य चौकी नजिकै हनुमाननगर कंकालिनी नगरपालिकाले ६ कठ्ठा जग्गा निशुल्क उपलब्ध गराएपछि बर्थिङ सेन्टर संचालनमा सहज भएको वडा अध्यक्ष सत्यनारायण यादवले जानकारी दिए ।

हनुमाननगर कंकालिनी नरपालिकाका मेयर शैलेश साहले पालिकाले सर्वाधिक बजेट स्वास्थ्य, शिक्षा, कृषि र सडकमा बिनियोजन गरेको बताए ।




अनुरोधकर्ता : राजगढ गाउँ कार्यपालिकाको कार्यालय सप्तरी

# माटोको दियोसहितको सरसामान किन्नेको घुइँचो



**दैनिक समाचारदाता
राजविराज, १७ कात्तिक ।**

लक्ष्मी पूजाको अवसर पारेर राजविराजको हटिया बजारमा माटोको दियोसहितको सरसामान किन्नेको घुइँचो लागेको छ ।

हिजोआज बजारमा माटोको भाँडादेखि लक्ष्मी पूजाका लागि विभिन्न सरसामान किन्नेको चहलपहल बढेको देखिन्छ ।

माटोको भाँडा खासगरी कुमाल जातिले बनाउने माटोको मूर्ति, पाला, अति नै शुद्ध हुने भएकाले यसको बिक्रीमा वृद्धि भएको तिलाठीका कुमाल रामकुमार झाले बताए ।

पूजापाठमा माटोद्वारा निर्मित सामान प्रयोग गरिँदै आइरहेका हुनाले माटोको भाँडो लक्ष्मी पूजामा प्रयोग गर्नेको संख्या यतिखेर बढ्को छ ।

चाडपर्व नजिकिँदै गर्दा ठाउँठाउँमा माटोको भाँडा, फलफुल, विभिन्न मूर्ति र माटोको भाँडामा ढकनी, दीप, घैँलोलगायतका खरिदबिक्री भइरहेको व्यापारी बताउँछन् । जिल्लाको भारदह, कञ्चनपुर, हनुमाननगर, रुपनी, बोदेबरसाइनलगायतका विभिन्न ग्रामीण बजारमा पनि सुनदेखि नूनसम्मको सामान किनमेल भइरहेका छन् ।

संस्थाको २१ औं साधारण सभामा उपस्थित हुने बारे सूचना
(प्रथम प्रकाशित मिति २०७८।७।१७)

श्री सम्पूर्ण शेयर सदस्य महानुभावज्यूहरु

उपरोक्त सम्बन्धमा यस ग्लोबल बहुमुखी सहकारी संस्था लिमिटेडको मिति २०७८।५।२६ गते बसेको संचालक समितिको बैठकको निर्णयानुसार तपसिलको मिति, स्थान र समयमा निम्न उल्लेखित विपय तथा प्रस्तावहरु उपर छलफल गरि २१ औं बार्षिक साधारण सभामार्फत निर्णय गर्नुपर्ने भएकोले यहाँहरुको सक्रिय तथा अनिवार्य उपस्थितिकालागि संस्थाका सम्पुर्ण शेयर सदस्य महानुभावहरुलाई उपस्थित भई दिनु हुन सादर अनुरोध गरिन्छ । यहाँहरुको उपस्थितिकालागि संस्थाबाट पत्र पठाई सकिएको छ, कुनै कारण बस पत्र प्राप्त नभएमा यसै सूचनालाई आधार मानि उपस्थित भई दिनु हुन समेत अनुरोध गर्दछौं । जय सहकारी

**साधारण सभाका बिषयहरु**

१. संचालक समितिको तर्फबाट अध्यक्षज्यूको आ.ब ०७७।०७८ को प्रतिवेदन माथि छलफल तथा अनुमोदन सम्बन्धमा ।
२. लेखा तथा सुपरिवेक्षण समितिको तर्फबाट आ.ब. ०७७।०७८ को प्रतिवेदन माथि छलफल तथा अनुमोदन सम्बन्धमा ।
३. आ.ब. ०७७।०७८ को लेखा परिक्षण प्रतिवेदन माथि छलफल तथा अनुमोदन सम्बन्धमा ।
४ आ.ब.०७८।०७९को प्रस्तावित बजेट तथा कार्यक्रम माथि छलफल तथा अनुमोदन सम्बन्धमा ।
५. आ.ब. ०७८।०७९ को लागि लेखा परिक्षक नियुक्ति तथा निजको पारिश्रमिक तोक्ने सम्बन्धमा ।
६. संचालक समिति र लेखा सुपरिवेक्षण समितिको निर्वाचन सम्बन्धमा ।
७. साधारण सभाको निर्णय पुस्तिकामा हस्ताक्षर गर्न संचालक समिति तथा सदस्यहरुको तर्फबाट एक/एक जना प्रतिनिधि तोक्ने सम्बन्धमा ।
८. विनियम संसोधन सम्बन्धमा ।
९. लाभाँश वितरण अनुमोदन सम्बन्धमा ।
१०. कोभिड-१९ को प्रभाव तथा संस्थाले सामना गर्नुपरिहेको वित्तीय असहजता सम्बन्धमा ।
११. विविध ।

**मिति : २०७८।८।५ गते आईतवार**
**स्थान : संस्थाको प्राँगण**
**समय : दिनको ११: ०० वजे**

पुनश्च : थप जानकारीकालागि संस्थामा सम्पर्क गर्नुहुन अनुरोध छ ।

आज्ञाले,
संजना कुमारी चौधरी
व्यवस्थापक
ग्लोबल बहुमुखी सहकारी संस्था लिमिटेड
राजविराज-१, सप्तरी
फोन नं. ०३१-५२३७५१

# इन्धनको मूल्य बढेसँगै हवाई भाडा बढ्यो

काठमाडौँ, १७ कात्तिक (रासस) ।

इन्धनको मूल्य वृद्धि भएसँगै हवाई सेवाप्रदायक कम्पनीले हवाई भाडा बढाएका छन् । वायुसेवा सञ्चालकहरुको छाता सङ्गठन वायुसेवा सञ्चालक सङ्घले बुधबार विज्ञप्ति जारी गर्दै हवाई भाडामा जोड्ने इन्धनको शूल्कमा अधिकतममा रु ४४० वृद्धि गरिएको जनाएको छ ।

यसरी वृद्धि भएको भाडादरअनुरुप अब काठमाडौँबाट सबैभन्दा लामो दूरीको धनगढी गन्तव्यका लागि रु ४४० बढेको छ । यो गन्तव्यमा साविकमा तीन हजार ८०० रहेकोमा बढेको भाडादर रु चार हजार छोटो गन्तव्य २४० कायम भएको छ । काठमाडौँ-सिमरामा सबैभन्दा कम रु ९५ वृद्धि भएको छ । यो गन्तव्यमा पनि साविकमा ७७० रहेकामा बढेर ८६५ कायम भएको छ ।

नेपाल आयल निगमले इन्धनको मूल्यमा ११.६ प्रतिशत (१० रुपैयाँ प्रतिलिटर) बढाएको थियो । सोहीअनुरुप वायुसेवा कम्पनीले हवाई भाडा बढाएका हुन् । सङ्घका अनुसार नेपाल नागरिक उड्डयन प्राधिकरणको स्वीकृति लिएर हवाई इन्धनको मूल्यमा हवाई भाडा वृद्धि गरिएको छ । हवाई इन्धनको मूल्य रु ८६ प्रतिलिटरबाट बढेर रु ९६ प्रतिलिटर पुगेको छ । पर्वतीय उडानमा पनि रु ३४५ भाडा वृद्धि भएको छ । हवाई यात्रुले अब काठमाडौँबाट भद्रपुरमा रु ३००, विराटनगरमा २४०, जनकपुरमा १३०, भरतपुरमा १०५, पोखरामा १५५ र भैरहवामा २०५ इन्धन चार्ज बढी तिर्नुपर्नेछ । तुम्लिङटारमा १८५, राजविराजमा २०५, नेपालगञ्जमा ३३० बढी भाडा तिर्नुपर्नेछ ।

पोखरा-भरतपुरमा ११०, पोखरा-भैरहवामा १३०, पोखरा-सिमरामा २२०, पोखरा-नेपालगञ्जमा २३५, पोखरा-विराटनगरमा ३५५ र पोखराबाट पर्वतीय उडानमा अब रु ३१५ बढी लाग्ने छ । विराटनगरबाट पर्वतीय उडानमा ३२०, विराटनगरबाट तुम्लिङटारमा १०५ रुपैयाँ बढी लाग्ने छ । त्यस्तै भरतपुर-भैरहवा रुटमा रु १३५ भाडादर बढेको छ ।

प्राधिकरणले मङ्गलबारदेखि लागू हुने गरी अनुमोदन गरेको र सोहीअनुरुप बढेको इन्धन चार्ज सबै एयरलाइन्सलाई पठाएको छ ।

# चीन सरकारद्वारा १६ लाख मात्रा खोप हस्तान्तरण

काठमाडौँ, १७ कात्तिक (रासस) ।

चीन सरकारले नेपाल सरकारलाई कोरोना भाइरसविरुद्धको १६ लाख मात्रा खोप प्रदान गरेको छ । बुधबार यहाँ आयोजित कार्यक्रममा स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री विरोध खतिवडालाई नेपालका लागि चीनका राजदूत होउ यान्छीले भेरोसेल खोप प्रदान गर्नुभएको हो ।

मन्त्री खतिवडाले खोप प्रदान गरेर नेपाल र चीनबीचको द्विपक्षीय सम्बन्धमा एउटा इँटा थप भएको बताउनुभयो । "हामीले चीनबाट पाउँदै आएको सहायताको निरन्तरताअन्तर्गत अहिलेको परिस्थितिमा १६ लाख मात्रा खोप अनुदान स्वरुप प्राप्त गरेका छौँ", उहाँले भन्नुभयो, "यस वर्षभित्र सबै नेपालीलाई कोभिड-१९ विरुद्धको खोप लगाई सक्ने लक्ष्यअनुरुप नेपालले कार्य गरिरहँदा चीन सरकारबाट प्राप्त सहयोग तथा सहजीकरण अत्यन्तै सहयोग हुने छ ।" मन्त्री खतिवडाले कोभिड-१९ को सुरुआती अवस्थादेखि चीन सरकारले स्वास्थ्य सामग्री उपलब्ध गराउँदै आएकोमा धन्यवादसमेत व्यक्त गर्नुभयो ।

नेपालका लागि चीनका राजदूत होउ यान्छीले चीनले उपलब्ध गराएको खोपले नेपालको खोप अभियानमा सहयोग पुग्ने बताउनुभयो । उहाँले महामारीको विरुद्धमा एक देशले अर्को देशलाई एक आपसमा रेखदेख र सहयोगले दुई देशबीच थप मित्रता अझ प्रगाढ हुने बताउनुभयो । उहाँले चिनियाँ सेनाले नेपाली सेनालाई तीन लाख मात्रा खोप उपलब्ध गराउनेसमेत जानकारी दिनुभयो । उक्त तीन लाख मात्रा खोप शुक्रबार नेपाल आइपुग्ने छ । यस्तै नेपाललाई थप ३० लाख मात्रा खोप अनुदान उपलब्ध गराउने

*बाँकी अन्तिम पृष्ठमा*

# एमालेको महाधिवेशन तयारी: उद्घाटन सत्रमा विदेशी पाहुनालाई निमन्त्रणा

काठमाडौँ, १७ कात्तिक (रासस) ।

नेकपा (एमाले) ले दशौँ राष्ट्रिय महाधिवेशनको तयारीलाई तीव्रता दिएको छ भने उद्घाटन सत्रमा सहभागिताका लागि विदेशी पाहुनालाई निमन्त्रणा दिएको छ ।

सो पार्टीले पार्टीसँग भाइचारा तथा मैत्रीपूर्ण सम्बन्ध रहेका पार्टी र दक्षिण एसियाका सत्तारुढ एवं विपक्षी दलका प्रतिनिधिलाई आमन्त्रण गरेको जनाएको छ ।

आगामी मङ्सिर १० देखि १२ गतेसम्म चितवनमा हुने सो महाधिवेशनको पूर्वसन्ध्यामा आज एमाले केन्द्रीय प्रचार विभागले आयोजना गरेको पत्रकार सम्मेलनमा आइक्यापका ( आइसिएपीपी) का स्थायी कमिटीका सदस्यहरूलाई पनि निमन्त्रणा गरिएको विभागका प्रमुख योगेश भट्टराईले जानकारी दिनुभयो । कार्यक्रममा मुलुकका राष्ट्रिय राजनीतिक दलका प्रमुखलाई पनि निमन्त्रणा गरिनेछ । निमन्त्रणा गरिएका विदेशस्थित पार्टीबाट सकारात्मक सन्देश प्राप्त भएको जनाउँदै उहाँले नेपालस्थित कूटनीतिक निकायका प्रमुखलाई पनि निमन्त्रणा गरिएको छ ।

नेपालको मध्यभाग र पर्यटकीय गन्तव्यमा मानिने चितवनमा हुने महाधिवेशानले मुलुकको राष्ट्रिय राजनीतिलाई सकारात्मक दिशा दिने पार्टीका सचिव भट्टराईले बताउनुभयो । मङ्सिर १० गते भरतपुरस्थित नारायणी नदीको मैदानमा जनसमुदायको उपस्थितिमा पार्टीका अध्यक्ष केपी शर्मा ओलीले उद्घाटन गर्ने कार्यक्रम रहेको बताइएको छ । उद्घाटनस्थलमा अहिले सम्याउने र खाल्डाखुल्डी पुर्नेलगायतका काम भइरहेको छ भने बन्दसत्र सौराहास्थित हात्तीसारमा गर्ने गरी संरचना निर्माण गरिएको छ । प्रतिनिधिलाई बसोबासका लागि सौराहास्थित होटलमा व्यवस्था गरिएको छ ।

सचिव भट्टराईले विधान महाधिवेशनमा प्रस्तुत प्रतिवेदन र विधान संशोधन प्रस्ताव सर्वसम्मतरूपमा पारित गरेकाले पार्टीलाई महाधिवेशनले थप एकताबद्ध र सुदृढ बनाउने विश्वास व्यक्त गर्नुभयो । उहाँले भन्नुभयो, "प्रस्तुति र जोडकोणमा नेताहरूका केही भिन्नता होलान् र आमरूपमा पार्टीको विचार, नीति र विधानका सम्बन्धमा अब कुनै अन्योल छैन ।" पत्रकारको जिज्ञासाका क्रममा नेता भट्टराईले एमाले मुलुकको लोकतान्त्रिक आन्दोलन र उपलब्धिको प्रमुख हिस्सेदार रहेको उल्लेख गर्दै वर्तमान सत्ता गठबन्धनले लोकतन्त्र र संविधानको सही कार्यान्यनका क्रममा चुनौती खडा गरेको आरोप लगाउनुभयो । अर्को प्रश्नको जवाफमा उहाँले एमालेबाट अलग भएर बनेको नेकपा (एकीकृत समाजवादी) पहिचान स्थापित भइनसकेको पार्टी भएकाले त्यसलाई आमन्त्रण गरिरहनुनपर्ने स्पष्ट गर्नुभयो ।

नेतृत्व चयनका लागि विद्युतीय भोटिङ मेसिनको प्रयोग गरिनेछ भने गत असोजमा सम्पन्न विधान महाधिवशेनले पारित गरेका विभिन्न प्रतिवेदन र विधान संशोधनका दस्तावेज प्रकाशन गरी वितरण गरिने प्रचार विभागका उपप्रमुख सूर्य थापाले जानकारी दिनुभयो ।

**२२५ सदस्यीय केन्द्रीय कमिटी निर्वाचित हुने**

विधान महाधिवेशनले पारित गरेको नयाँ विधानको व्यवस्था अनुसार दशौँ राष्ट्रिय महाधिवेशनले अध्यक्ष, वरिष्ठ उपाध्यक्षसहित पाँच जना उपाध्यक्ष, महासचिव, उपमहासचिव र ७ सचिव गरी १५ जना पदाधिकारीसहितको २२५ सदस्यीय केन्द्रीय कमिटी निर्वाचित गर्नेछ । एक तिहाई महिलासहित नेपालको सामाजिक र वर्गीय विविधताको प्रतिनिधित्व हुने गरी केन्द्रीय कमिटी समावेशी हुनेछ ।

यसैगरी महाधिवेशनले १५ सदस्यीय अनुशासन आयोग र केन्द्रीय लेखा आयोगको पनि चयन गर्नेछ । विधान महाधिवेशनले पारित गरेका राजनीतिक, साङगठानिक तथा विधानसम्बन्धी व्यवस्थाको बुझाइमा एकरुपता कायम गर्दै तिनको वैचारिक, राजनीतिक तथा साँगठानिक जगमा पार्टीलाई थप सुदृढ र एकताबद्ध गर्न दशौँ राष्ट्रिय महाधिवेशनले ठोस् रूपमा मार्गदर्शन गर्ने जारी विज्ञप्तिमा जनाइएको छ ।

महाधिवेशनका प्रतिनिधिको निर्वाचन आगामी कात्तिक २७ गते देशैभरि एकसाथ देहाय बमोजिम गरिनेछ भने बाँकी रहेका स्थानीय तह र वडास्तरका अधिवेशन यही कात्तिक २५ गतेभित्र सम्पन्न गर्न पार्टीले निर्देशन दिएको छ ।

**प्रतिनिधिमा ३३ प्रतिशत महिला सुनिश्चित**

पार्टीले केन्द्रीय सल्लाहकार परिषद्का पदाधिकारी समेत सदस्यमध्येबाट निर्वाचित हुने १५ जना प्रतिनिधि, सल्लाहकार परिषदका अन्य सदस्य राष्ट्रिय महाधिवेशनमा सहभागी हुने तर उहाँहरूलाई मताधिकार नहुने प्रबन्ध गरेको छ । प्रदेश र सो सरहका कमिटीका पदाधिकारी र सदस्यमध्येबाट कम्तीमा दुई महिलासहित पाँचजनाका दरले निर्वाचित हुने प्रतिनिधि, प्रतिनिधिसभा निर्वाचन क्षेत्र अन्तर्गतका १२०० सम्म पार्टी सदस्यमध्येबाट कम्तीमा एक महिलासहित तीन जनाका दरले निर्वाचित हुने प्रतिनिधि, सो सङ्ख्यामा ८०० सम्म सदस्य थप भएमा थप एक जना, १६०० सम्म सदस्य थप भएमा थप दुईजना, २४०० सम्म सदस्य थप भएमा कम्तीमा एक महिलासहित तीन जना र सो भन्दा बढी भएमा सोही अनुपातमा निर्वाचित हुने प्रतिनिधि तथा तीन जना प्रतिनिधि निर्वाचित हुँदा कम्तीमा एक जना महिला अनिवार्य हुनेछन् ।

देशभित्रका विशेष जिल्ला अन्तर्गतका १२०० सम्म पार्टी सदस्यमध्येबाट कम्तीमा एक महिलासहित तीन जनाका दरले निर्वाचित प्रतिनिधि हुनेछन् । सो सङ्ख्यामा ८०० सम्म सदस्य थप भएमा थप एकजना, १६०० सम्म सदस्य थप भएमा थप दुईजना, २४०० सम्म सदस्य थप भएमा कम्तीमा एक महिलासहित तीन जना र सो भन्दा बढी भएमा सोही अनुपातमा निर्वाचित प्रतिनिधि हुनेछन् । तीन जना प्रतिनिधि निर्वाचित हुँदा कम्तीमा एकजना महिला अनिवार्य हुनेछन् ।

देशभित्रका जिल्ला र विशेष जिल्ला अन्तर्गतका ५०० सम्म दलित पार्टी सदस्यमध्येबाट निर्वाचित हुने एक जना प्रतिनिधि र सो सङ्ख्यामा ५०० सम्म सदस्य थप भएमा थप एकजना, १००० सम्म सदस्य थप भएमा थप दुई जना, १५०० सम्म सदस्य थप भएमा कम्तीमा एक महिलासहित तीन जना र सो भन्दा बढी भएमा सोही अनुपातमा दलित प्रतिनिधि निर्वाचित हुनेछन् । तीन जना प्रतिनिधि निर्वाचित हुँदा कम्तीमा एकजना महिला अनिवार्य हुनेछन् ।

यस्तै भूगोलका प्रदेश अन्तर्गतका मजदूर पार्टी सदस्यमध्येबाट कम्तीमा तीन महिलासहित सातजनाका दरले निर्वाचित हुने प्रनितनिधि, भारत, अमेरिका (क्यानडा समेत), युरोप, एशिया प्यासिफिक, खाडी र ओसियानामध्ये प्रत्येकका पार्टी सदस्यबाट कम्तीमा दुई महिलासहित पाँच जनाका दरले निर्वाचित हुने प्रतिनिधिलाई आधार मानिनेछ । पार्टीका केन्द्रीय विभाग र केन्द्रीय कार्यालय अन्तर्गतका पार्टी सदस्यबाट निर्वाचित हुने कम्तीमा दुई महिलासहित पाँचजना प्रतिनिधि । विभागका सचिव र सदस्य विभाग र केन्द्रीय कार्यालय वा आफ्नो पार्टी सदस्यता कायम रहेकोमध्ये कुनै एक स्थानबाट उम्मेदवार बन्न सक्नेछन् ।

स्वदेशका २२ जनङ्गठनका केन्द्रीय कमिटीमा कार्यरत पार्टी सदस्यबाट कम्तीमा दुई महिलासहित पाँच जनाका दरले निर्वाचित प्रतिनिधि गरी कूल एक हजार ९९९ प्रतिनिधि रहनेछन् । महाधिवेशनको मूल व्यवस्थापन समितिको कार्यालय भरतपुरस्थित नेकपा (एमाले)को जिल्ला पार्टी कार्यालयमा अध्यक्ष केपी शर्मा ओलीले कात्तिक १५ गते शुभारम्भ गरिसक्नुभएको छ । र, त्यहीँबाट आवश्यक तयारी कार्यको संयोजन भइरहेको छ । तिहार लगत्तै सौराहामै उक्त कार्यालय पनि सार्ने योजना रहेको छ ।

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. रंजना गिरी
Dr. Ranjana Giri
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
Infertility Specialist (Consultant IVF)
NMC No. : 10635
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ
बाझपन, कमजोरी, लिकोरिया, महिनाबारी समस्याको सफल उपचार
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# कोभिडले रोजगारी गुमाएका परिवारलाई राहतस्वरुप दश हजार दिइने

काठमाडौँ, १७ कात्तिक (रासस) ।

सरकारले कोभिड-१९ का कारण रोजगारी गुमाएका परिवारलाई राहतस्वरुप रु दश हजार बाड्ने कार्यविधि तयार पारेको छ ।

कोभिड-१९ को महामारीबाट प्रभावित अति विपन्न परिवार नगद हस्तान्तरण कार्यविधि-२०७८ गत कात्तिक पहिलो साता बसेको मन्त्रिरिषद्को बैठकले स्वीकृति गरेको थियो । सो स्वीकृत कार्यविधिलाई अर्थ मन्त्रालयले कात्तिक १५ गते राजपत्रमा सूचना प्रकाशन गरेपछि कार्यान्वयनको बाटो खुलेको छ । अर्थमन्त्री जनार्दन शर्माले चालू आर्थिक वर्षको बजेटको प्रतिस्थापन विधयेकमार्फत कोभिड-१९ का कारण रोजगारी गुमाएका परिवारले राहतस्वरुप रु दश हजार बाड्ने कार्यक्रम ल्याउनुभएको थियो ।

"कोभिड-१९ को प्रभावबाट रोजगारी र आयआर्जन गुमाएका अनौपचारिक एवं असङ्गठित क्षेत्रमा रहेका अति विपन्न गरिब पाँच लाख परिवारलाई राहतस्वरुप एक पटकका लागि प्रतिघर परिवार रु दश हजारका दरले निश्चित मापदण्डका आधारमा नगद अनुदान प्रदान गर्ने प्रबन्ध गरिएको छ", बजेटमा उल्लेख गरिएको थियो ।

**कसले पाउँछन् राहत**

राजपत्रमा प्रकाशित सूचना अनुसार विगतमा गर्दै आएको रोजगारी पूर्णरूपमा गुमाएको र रोजगारीको अर्को अवसर समेत प्राप्त गर्न नसकी बेरोजगार भएको असङ्गठीत क्षेत्रका मजदुर वा कामदारले राहत पाउनेछन् ।

यस्तै, खुला सडक, फुटपाथ वा चौरमा खर्पन, नाड्लो डोको आदिमा सामान बेच्ने अति विपन्न व्यवसायी, दैनिक ज्याला-मजदूरी गर्ने भरिया, कृषि मजदुर, गोठाला, खेताला, ज्यालादारी श्रमिक, रिक्सा चालक, ठेलागाडा मजदुर, सार्वजनिक यातायातका मजदुर र पर्यटकलाई पनि सो राहत रकम उपलब्ध गराइनेछ ।

कोभिड-१९ सङ्क्रमणको कारणबाट एक घरपरिवारको आयआर्जन गर्ने मुख्य सदस्यको मृत्यु भई आर्थिक सङ्कट झेल्नु परेको परिवार तथा अभिभावक गुमाएका असहाय नाबालकलाई स्याहार गर्ने परिवारले समेत राहत पाउनेछन् । यसैगरी, सरकारले एकाघरपरिवारका कुनै सदस्यले सरकारी, निजी वा अन्य कुनै सङ्घसंस्था वा वैदेशिक रोजगारीमा स्थायी, अस्थायी वा करारमा रोजगारीको अवसर प्राप्त गरी आयआर्जन गरिरहेका परिवारलाई राहत वितरण गर्ने छैनन् ।

परिवारको कुनै सदस्स्यले नेपाल सरकारबाट उपलब्ध हुने अन्य सामाजिक सुरक्षा (ज्येष्ठ नागरिक, एकल महिला, दलित वा अपाङ्ग) बापतको भत्ता वा नेपाल सरकार वा नेपाल सरकारको पूर्ण वा अधिकांश स्वामित्व भएको संस्थाबाट निवृत्तभरण वा विदेशी सरकारबाट पेन्सन सुविधा प्राप्त गरिरहेको, प्रधानमन्त्री रोजगार कार्यक्रम वा केन्द्र, प्रदेश वा स्थानीय सरकारको कार्यक्रम बमोजिम यस प्रयोजनका लागि एक पटक राहतका रूपमा नगद प्राप्त गरेको परिवारले सो कार्यविधिमा सहभागी हुन पाउनेछैनन् ।

सूचना अनुसार सो अनुदान

*बाँकी तीन पृष्ठमा*

# पदकसम्बन्धी विधेयक प्रदेश प्रमुखद्वारा प्रमाणीकरण

धनुषा, १७ कात्तिक (रासस)।

प्रदेश नं २ सरकारले बनाएको पदकसम्बन्धी विधेयक प्रदेश प्रमुखद्वारा मङ्गलबार प्रमाणीकरण गरिएको छ। प्रदेशमा विभिन्न क्षेत्रमा उत्कृष्ट काम गर्ने व्यक्तिलाई सम्मान गर्ने उद्देश्यले निर्माण गरिएको पदकसम्बन्धी विधेयक प्रदेश प्रमुख हरिशंकर मिश्रले प्रमाणीकरण गर्नुभएको हो।

यसअघि २०७७ २६ असोजमा पारित भएको उक्त विधेयक प्रमाणीकरणका लागि तत्कालीन प्रदेश प्रमुख डा राजेश झा अहिराजसमक्ष प्रस्तुत गरिँदा उहाँले केही सुझाव दिँदै विधेयक प्रमाणीकरण नगरी फिर्ता पठाउनुभएको थियो। झाले प्रदेशमा रहेका प्रदेश बाहिरका स्वदेशी र विदेशीलाई समेत प्रदेश पदकबाट सम्मान गर्न सक्ने व्यवस्था थप गर्न सुझाव दिनुभएको थियो।

प्रदेशसभा सचिवालयका सचिव रञ्जित यादवले त्यतिबेला फिर्ता भएको सो विधेयक अहिले जस्ताको तस्तै प्रमाणीकरण भएको जानकारी दिनुभयो। उहाँले भन्नुभयो, "पहिला जुन विधेयक पारित भएको थियो, त्यही विधेयक हुबहु पारित भयो, यसमा कुनै कुरा थपघट वा परिमार्जन गरिएको छैन।" प्रदेश प्रमुखले प्रमाणीकरण गर्नुभएको उक्त विधेयकअनुसार विभिन्न १५ विधामा पदक प्रदान गर्ने व्यवस्था गरिएको छ। प्रदेश रत्न, मुख्यमन्त्री प्रज्वल तारा, रमेश महतो पदक, प्रदेश जनसेवा पदक, प्रदेश समाज सेवा श्री, प्रदेश मेधावी पदक, प्रदेश किसान रत्न पदक, प्रदेश विद्याभूषण र प्रदेश सेवा उत्कृष्ट पदक राखिएको छ। यस्तै प्रदेश शैक्षिक उत्कृष्ट पदक, प्रदेश गौरव पदक, प्रदेश विभूति पदक, प्रदेश सुरवीर पदक, पर्यटन शिखर पदक र सामाजिक अभियन्ता पदकको समेत व्यवस्था गरिएको छ।

आफ्नो क्षेत्रमा प्रदेशको गरिमा राष्ट्रिय-अन्तर्राष्ट्रियस्तरमा बढाएका व्यक्तिलाई प्रदेश रत्न पदक दिइनेछ। अनुकरणीय भूमिका निर्वाह गरेको व्यक्तिलाई मुख्यमन्त्री प्रज्वल तारा पदक, प्रदेशको पहिचान, उत्थानको लागि योगदान पुऱ्याउने व्यक्तिलाई रमेश महतो पदक दइनेछ। जनस्तरमा लोकप्रिय र प्रशंसनीय काम गर्ने जनप्रतिनिधि र समाजसेवीलाई प्रदेश जनसेवा पदक दिइनेछ। समाजसेवा, शिक्षा, स्वास्थ्य, वातावरण, दिगो विकास, समाज सुधार, सांस्कृतिक विषयमा उल्लेख्य योगदान गर्ने व्यक्तिलाई प्रदेश समाज सेवा श्री पदक दिइनेछ।

कला, भाषा, साहित्य, सङ्गीत, शिक्षा, खेलकुद विधामा उत्कृष्ट योगदान गर्ने व्यक्तिलाई प्रदेश मेधावी पदक, प्रदेशभित्रका विश्वविद्यालयबाट विद्यावारिधि गरी प्रदेशमा बसोबास गर्ने व्यक्तिलाई प्रदेश विद्याभूषण, इमान्दारीपूर्वक, उत्कृष्ट एवं प्रशंसनीय काम गर्ने प्रदेश सरकारमातहतका मन्त्रालय, कार्यालय तथा कर्मचारीलाई प्रदेश सेवा उत्कृष्ट पदक तथा शैक्षिक क्षेत्रमा सर्वोत्कृष्ट योगदान पुऱ्याएका विद्यालय, प्रधानाध्यापक र विश्वविद्यालयका पदाधिकारीलाई प्रदेश शैक्षिक उत्कृष्ट पदक दिइनेछ। प्रदेश सरकारले मनोनित गरेका विभिन्न निकायमा सेवारत रही कुशलतापूर्वक अनुकरणीय जिम्मेवारी पूरा गर्ने व्यक्तिलाई प्रदेश गौरव पदक, सङ्घीयता स्थापनाका लागि जीवन आहुती दिनेलाई प्रदेश विभूति पदक तथा विपद् उद्धार क्रममा अभूतपूर्व क्षमता प्रदर्शन गरी वीरता र साहसपूर्ण कार्य गरी उल्लेखनीय योगदान पुऱ्याउने व्यक्तिलाई प्रदेश सुरवीर पदक प्रदान गरिनेछ।

त्यसैगरी कृषि क्षेत्रमा र अनुकरणीय कार्य गरी उत्प्रेरक भूमिका खेल्ने किसानलाई प्रदेश किसान रत्न पदक, प्रदेशभित्रको पर्यटन क्षेत्रका विषयमा विभिन्न योगदान, उल्लेखनीय योगदान गरेको व्यक्तिलाई पर्यटन शिखर पदक र सामाजिक सद्भाव छुवाछूत तथा सामाजिक विभेद अभियन्ता, सांस्कृतिक पहिचानका उल्लेख्य योगदान गरेका व्यक्तिलाई सामाजिक अभियन्ता पदक दिइनेछ। पदकसहित नगद पुरस्कारसमेत प्रदान गर्न सकिने र नगद पुरस्कारको राशि तथा नगद पुरस्कारसम्बन्धी अन्य व्यवस्थापछि तोकिने विधेयकमा उल्लेख गरिएको छ।

### *कोभिडले रोजगारी ...*

रकम सरकारले नेपाल राष्ट्र बैकबाट अनुमति प्राप्त वाणिज्य बैंक, विकास बैंक वा वित्तीय संस्थाबाट पाउने व्यवस्था गरेको छ। जसमा राहतस्वरुप रु दश हजार दिने घरपरिवारका सदस्यको अनिवार्य बैंकमा खाता हुनुपर्नेछ। सरकारले राहत वितरणका लागि १५ दिनको समय दिएर सूचना निकाल्नेछ। सूचना आएपछि सम्बन्धित वडा कार्यालयमा परिवारले नगद प्राप्तिका लागि निवेदन दिन सक्नेछन्। निवेदनका साथमा नागरिकताको प्रतिलिपिसमेत आवश्यक पर्नेछ।

सरकारले ७५३ स्थानीय तहका पाँच लाख परिवारलाई रु दश हजारका दरले वितरण गर्न रु पाँच अर्ब बजेट विनियोजन गरिसकेको छ।

## मत्स्य कृषकहरुका लागि जानकारी

**पोखरीको तयारी**

पोखरी सुकाउने वा पानी सुकाउन नसके वा पानीको स्रोत नभएको पोखरी भए त्यसमा पुराना र जँगली माछाहरु जाल तानेर निर्मूल पार्ने वा एमोनियम सल्फेट र चुनको मिश्रण १:५ को अनुपातमा एक कठ्ठा जलाशयको लागि एमोनियम सल्फेट ३.७५ के.जी र घर पोत्ने चुना १८.७५ के.जी.मिलाएर छरेर जंगली माछा मार्ने। पोखरीको डिल र साईडमा भएका झारपात हटाउने। आबश्यकता अनुसार मर्मत सम्भार गर्ने।

**घर पोतने चुना** :१०-१५ के. जी. चुनाप्रति कठ्ठाका दरले चारै तिर छर्ने।

**मल:** गोवर मल १०० के. जी. प्रति कठ्ठा शुरुमा र त्यसपछि हरेक हप्तामा १५ के. जी. प्रति कठ्ठाका दरले प्रयोग गर्ने तर नयाँ पोखरीको लागि १५० देखि ३०० के.जी. पाकेको गोबर मल प्रयोग गर्ने वा १.७ के.जी.डि. ए.पी. र १ के.जी. यूरियाप्रति कठ्ठा दरले प्रत्येक १५ दिनमा प्रयोग गर्ने। उपयुक्त डोज पानीको मलिलोपनमा भर पर्छ। कम्तिमा १.५ मि. पानी राखने (प्रवेशद्धारमा जाली राखेर)।

माछा भुरा फिगंरलिङ्गलको स्टोकिंग ५-६ दिन पछि १००० देखि १५०० गोटा प्रति कठ्ठाको दरले स्टक गरिन्छ। तर पालन प्रविधि अनुसार स्टोकिङ्ग डेन्सिटी फरक पर्न सक्छ।

**स्टकिंग प्रतिशत**

| सि. नं. | माछाको नाम | स्टोकिङ्ग डेन्सिटी-१ प्रतिशत | स्टोकिङ्ग डेन्सिटी-२ | स्टोकिङ्ग डेन्सिटी-३ | स्टोकिङ्ग डेन्सिटी-४ |
|---|---|---|---|---|---|
| १ | कमनकार्प | २५ | २० | ४० | २० |
| २ | सिल्भर कार्प | ३५ | ४० | २५ | २० |
| ३ | बिगहेड कार्प | १० | २० | १५ | ४० |
| ४ | ग्रास कार्प | ५ | १० | १० | १० |
| ५ | रह | १५ | | | १० |
| ६ | नैनि | १० | १० | १० | |
| ७ | भाकुर | | | | |

**मछाको आहार विहार**

| माछाको नाम | आहाराको क्षेत्र | आहारा |
|---|---|---|
| भाकुर | पानीको माथिल्लो भाग देखीमध्य भाग | जुप्लाक्टन |
| रहु | पानीको मध्य भागदेखी पिंध सम्म | डेट्रिटस, दाना |
| नैनि | पानीको पिंधभागमा | सर्वाहारी दाना |
| सिल्भर कार्प | पानीको माथिल्लो भाग | फाईटोप्लांटन |
| बिगहेड कार्प | पानीको माथिल्लो भागदेखी मध्यभाग सम्म | जुप्लांक्टन |
| ग्रास कार्प | पानीको जुन सुकै भागमा | घाँस, दाना |
| कमनकार्प | पानीको पिंधभागमा | सर्वाहारी दाना |

**प्रयोग :**

पेलेट दाना माछाको शारिरीक तौलको ५ प्रतिशतको दरले दिने (शुरुमा ५ देखी १० प्रतिशत शारिरीक तौलको र ठूलो माछाको हकमा १ देखी ३ प्रतिशत शारिरीक तौलको वा ग्रास कार्प ५० ग्रामभन्दा ठूला शारिरीक तौलको २० देखी ३० प्रतिशतसम्म घाँस खान्छ, त्यही अनुपातमा घाँस हाल्ने

**वा**

**२५ प्रतिशत प्रोटिन भएको दाना बनाउनका लागि सामग्रीहरु**

१. धानको ढुटो : १५% २. गहुँको पिठो : २०% ३. मकैको पिठो : ५% ४. गहको चोकर : १४.५% ५. माछाको सिद्रा : ७%, ६. भटमास : २३.५ % ७. पिना : १५% ८. मिनरल मिक्स २%

**मत्स्य विकास केन्द्र, फत्तेपुर, सप्तरी**
मोबाईल नं. ९८५२८२०९३५

## विश्व समाचार

### इथियोपियाको हिंसाबारे संयुक्त राष्ट्रसङ्घको गम्भीर चासो

संयुक्त राष्ट्रसङ्घ, १७ कात्तिक (रासस/सिन्ह्वा)।

संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटर्रेसले इथियोपियामा पछिल्लो समयमा जारी रहेको हिंसाका बारेमा गम्भीर चासो लिएको बताउनुभएको छ।

उहाँले भन्नुभएको छ, पछिल्ला केही दिनमा इथियोपियामा हिंसा भड्किएको छ र यसका कारण देशमा संकटकाल पनि लागेकोले यसबाट नागरिक बाच्न पाउने तथा दैनिक अधिकारमाथि असर परिरहेकोप्रति संयुक्त राष्ट्रसङ्घको ध्यानाकर्षण भएको छ।

संयुक्त राष्ट्रसङ्घका महासचिव गुटर्रेसका प्रवक्ताद्वारा जारी विज्ञप्तिमा महासचिव गुटर्रेसले यहाँ हिंसाको अन्त्य गर्न तथा अप्ठेरोमा परेका नागरिकलाई मानवीय सहायताका लागि तत्परता देखाउन पनि सरकारलाई आग्रह भनिएको छ।

यहाँको हिंसामा सत्रुता बढ्दै जाँदा यसबाट इथियोपियाका नागरिकले नै दु:ख पाउने भएकाले यसतर्फ सरकार तथा अरु विपक्षी तथा विद्रोहीले सोच्नुपर्ने महासचिव गुटर्रेसको भनाइ छ।

विशेषगरी उत्तरी इथियोपियाको टिगरे क्षेत्रमा यस्तो हिंसाको अवस्था देखापरिरहेको छ। जसका कारण यहाँ मानवीय सहयताको खाँचो परेको छ।

बालबालिकादेखि महिला समस्यामा परेका छन्। सो क्षेत्रमा हिंसा जारी रहँदा यहाँका नागरिकले खाना, पानी र औषधि पनि पाउन नसकेको बताइएको छ। केही हप्तायतादेखि उत्तरी इथियोपियाको टिगरेलगायतका क्षेत्रमा सङ्घर्ष जारी रहेको छ।

### मारिब सहर पुनःकब्जा गर्न हुथी विद्रोहीको तयारी

आदेन, १७ कात्तिक (रासस/सिन्ह्वा)।

यमनमा सङ्घर्ष गरिरहेका हुथी विद्रोही समूहले देशको महत्वपूर्ण सहर मानिने मारिब सहरलाई पुनःकब्जामा लिने तयारी गरेका छन्। ती विद्रोहीले सो सहरका महत्वपूर्ण स्थानको कब्जा गरिसकेपछि फेरि यस सहरलाई पूर्णरुपमा कब्जामा लिनका लागि सो तयारी गरेको बताएका हुन्।

सरकारी सैन्य अधिकारीले नै आफूको नियन्त्रणमा रहेको मारिब सहरका कतिपय महत्वपूर्ण स्थानमा उनीहरुले कब्जा जमाएको बताएका छन्। हुथी विद्रोही समूहले यसअघि सो सहर पूरै नियन्त्रणमा लिएको भए पनि पछिल्लो समयमा सरकारी सेनाले फिर्ता गरेका थिए। यहाँका अधिकारीले दिएको जानकारीअनुसार हुथीले सहरका विभिन्न नाकामा आफ्ना सेना र हातहतियार लगेका छन् भने सहरका बाहिरी नाकामा उनीहरुका सशस्त्र विद्रोही तैनाथ गरी राखेका छन्।

विद्रोहीले नियन्त्रणमा लिएको यस सहरलाई हुथी विद्रोहीले पहिलेदेखि नै दबाबमा राखेका थिए। उनीहरुले यो सहर पटकपटक आफ्नो कब्जामा लिने गरेका छन्। यो सहरलाई विद्रोहीले रणनीतिक हिसाबले महत्वको ठान्ने गरेका छन्। विद्रोहीले मालबोडा पहाडी क्षेत्र नै कब्जा गरेका छन्, देशको उत्तरपश्चिमी क्षेत्रमा पर्ने सिर्वाहमा झन्डै ४८ घण्टासम्म भएको दोहोरो भिडन्तपछि उनीहरूले कब्जा गरेका हुन्- एक सैन्य अधिकारीले भने।

इरान समर्थित हुथी समूहले तेल खानी रहेका क्षेत्र भएकासमेतले मारिब क्षेत्रलाई नियन्त्रणमा लिने प्रयास लामो समयदेखि गर्दै आएको थियो। हुथी विद्रोही समूहले यसअघि सरकारी नियन्त्रणमा रहेको मारिब सहरमा तैनाथ सेनालाई लक्षित गरी दुई वटा ब्यालिस्टिक क्षेप्यास्त्र प्रहार गरेको थियो। यमनको सरकारी सेनालाई भने साउदी अरबको समर्थन र सहयोग रहँदै आएको छ।

मारिबमा यमनका अन्य क्षेत्रबाट पलायन भएर आएका झन्डै २० लाख मानिस रहेका छन्। यमनमा जारी गृहयुद्धका कारण १० हजारभन्दा बढी मानिसको मृत्यु भइसकेको छ भने लाखौं मानिस अन्यत्र विस्थापित भएका छन्। संयुक्त राष्ट्रसङ्घले द्वन्द्वरत पक्षलाई वार्तामा ल्याई युद्धविराम गराउने प्रयास गरे पनि अहिलेसम्म सफलता प्राप्त हुन सकेको छैन। यमनमा सन् २०१४ को अन्त्यदेखि गृहयुद्ध जारी छ।

### भारतमा २ सय ५२ दिनपछिकै सबैभन्दा कम संक्रमित

नयाँदिल्ली, १७ कात्तिक (रासस/एएनआई)।

भारतमा कोरोनाभाइरसबाट सङ्क्रमित अवस्थामै रहेकाको सङ्ख्या २५२ दिनपछिकै सवैभन्दा कम देखिएको छ। भारतमा अहिले सक्रिय अवस्थामै रहेका सङ्क्रमितको सङ्ख्या एक लाख ५१ हजार २०९ पुगेको अधिकारीले जनाएका छन्। सरकारी अधिकारीले बुधबार दिएको जानकारीअनुसार पछिल्लो २४ घण्टामा भारतमा ११ हजार ९०३ जना नयाँ सङ्क्रमित थपिएका छन।

त्यसैगरी सोही अवधिमा अरु ३११ जनाको कोरोनाभाइरसका कारण मृत्यु भएको पनि केन्द्रीय स्वास्थ्य मन्त्रालयले जनाएको छ।

मन्त्रालयका अनुसार पछिल्लो एक दिनमा १४ हजार १५९ जना सङ्क्रमणमुक्त भएका छन्। दैनिक नयाँ सङ्क्रमितको सङ्ख्याभन्दा सङ्क्रमणमुक्त भएकाको सङ्ख्या धेरै भएकाले सङ्क्रमित अवस्थामै रहेकाको सङ्ख्या घट्दै गएको हो। भारतमा अहिलेसम्म सङ्क्रमणमुक्त भएकाको कुल सङ्ख्या तीन करोड ३६ लाख ९७ हजार ७४० रहेको छ। अधिकारीका अनुसार भारतमा अहिलेसम्म कुल एक अरव सात करोड २९ लाख ६६ हजार ३१५ खोप लगाइएको छ। तीमध्ये ४१ लाख १६ हजार २३० खोप पछिल्लो एक दिनमा लगाइएको मन्त्रालयले जनाएको छ।

# दुई अर्ब बढी राजस्व छलीका १७ मुद्दा दर्ता

काठमाडौँ, १७ कात्तिक (रासस)।

राजस्व अनुसन्धान विभागले कर छली गरेको अभियोगसहित विभिन्न कम्पनी त्यसका सञ्चालक तथा अन्य व्यवसायीविरुद्ध १७ वटा मुद्दा दर्ता गरेको छ।

विभागले बुधबार एक सूचना जारी गरी ती कम्पनी र व्यवसायीविरुद्ध रु दुई अर्ब ३६ करोड बढी बिगो कायम गरी मुद्दा दर्ता गरेको जनाएको छ। विभिन्न मितिमा दायर मुद्दामा झुट्टा तथा नक्कली मूल्य अभिवृद्धि करको विजक प्रयोग गरी तथा भन्सार चोरी पैठारी गरी राजस्व चुहावट गरेको कसुरमा ती फर्मका सञ्चालक, प्रोप्राइटर तथा मुख्य अभियुक्तबाट रु दुई अर्ब ३६ करोड ४५ लाख बिगो असुलउपर गरी जरिवाना र कैद सजायको माग गरिएको छ। सबै मुद्दा उच्च अदालत पाटनमा दर्ता गरिएको जनाइएको छ।

विभागका अनुसार यसरी प्रतिवादी बनाइएकामा सङ्ग्रिला ट्रेड एण्ड सप्लायर्स, महालक्ष्मी ट्रेड कन्सर्न, चन्दन सप्लायर्स, हनुमान सप्लायर्स, डिलाइट इन्टरप्राइजेज प्रालि, जिएम इम्पोर्ट एण्ड एक्सपोर्ट, पिआर निर्माण सेवा, डिएन इन्टरनेशनल, हिमालयन नेपाल सप्लायर्स, श्रीआरपी ट्रेडर्स, इन्फ्राटेक प्रालि, शाकीर अली, नितिश इम्पेक्स, मोर्गन ट्रेड लिङ्क, राइज अटो ट्रेड प्राष सलि रहेको छ।

# चार सय ४७ सङ्क्रमित थपिए

काठमाडौँ, १७ कात्तिक (रासस)।

पछिल्लो २४ घण्टामा नेपालमा कोरोना भाइरसको ४४७ मा सङ्क्रमित थपिएका छन्। स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले बुधबार गरेको नियमित पत्रकार सम्मेलनमा मन्त्रालयका प्रवक्ता डा कृष्णप्रसाद पौडेलले नौ हजार ९१३ मा कोरोना परीक्षण गर्दा ४४७ मा सङ्क्रमित थपिएका जानकारी दिनुभयो।

मङ्गलबार ४६९ मा सङ्क्रमण देखिएका थिए। देशभर सक्रिय सङ्क्रमित नौ हजार १२३ रहेका छन्। नेपालमा सङ्क्रमण दर १८.३ प्रतिशत पुगेको छ। उहाँका अनुसार ५०० भन्दा बढी सङ्क्रमित भएका जिल्ला काठमाडौँ, ललितपुर र भक्तपुर तथा २०० भन्दा बढी सङ्क्रमित भएका जिल्ला नौ रहेका छन्।

उहाँका अनुसार बुधबार दुई जिल्लामा सङ्क्रमति शून्य रहेका छन्। हुम्ला र मुगु जिल्लामा सङ्क्रमित सङ्ख्या शून्य रहेका छ। पछिल्लो २४ घण्टामा ४३९ जनाले कोरोना भाइरसको सङ्क्रमणबाट लाभ लिई घर फर्किएका छन्।

योसँगै अहिलेसम्म नेपालमा सङ्क्रमणबाट मुक्त हुनेको सङ्ख्या सात लाख ९३ हजार २७१ रहेको छ। नेपालमा सङ्क्रमणमुक्त हुने दर ९७.५ प्रतिशत रहेको छ। मन्त्रालयका प्रवक्ता डा पौडेलले बुधबार कोरोना सङ्क्रमणबाटन सात जनाको निधन भएको जानकारी दिनुभयो। अहिलेसम्म सङ्क्रमणबाट ११ हजार ४३४ को निधन भएको छ।

बुधबार ९७हजार ७० ले कोरोना भाइरसविरुद्धको खोप लगाएका छन्। बुधबार लगाएकासँगै अहिलेसम्म ८७ लाख १९ हजार ९९५ ले पहिलो मात्रा र ७३ लाख ८१ हजार २०२ ले पूर्ण मात्राको खोप लगाएका छन्।

***चीन सरकारद्वारा...***

बारेमा पनि छलफल भइरहेको उहाँको भनाइ रहेको छ।

चीनबाट हालसम्म एक करोड ५९ लाख मात्र खोप नेपाल आइसकेको र त्यसमध्ये ३४ लाख मात्रा भेरोसेल खोप अनुदानमा प्राप्त भएको स्वास्थ्य सचिव डा रोशन पोखरेलले जानकारी दिनुभयो। उहाँले एसियाली विकास बैंकको लगानीमा खरिद गरिएको ५९ लाख मात्रामध्ये १० लाख २० हजार मात्रा नेपाल आइसकेको र बाँकी मात्रा आउने प्रक्रियामा रहेको बताउनुभयो।

# बाढी बिपदको सामना गर्न क्षमता अभिबृद्धि बढाउनुपर्नेमा जोड




**दैनिक समाचारदाता**
**राजविराज, १७ कात्तिक।**

सप्तरीमा बाढी प्रभावित तथा बिपद क्षेत्रमा काम गर्ने संस्था कोशी पीडित समाजले आफ्नो १८ औ साधारण सभा सम्पन्न गरेको छ।

बुधवार राजबिराजमा कोशी पीडित समाजको सभाहलमा आयोजित साधारण सभामा बिपद ब्यबस्थापन न्युनिकरण गर्ने कार्यमा पुऱ्याएको योगदानको सहभागीहरूले प्रशंसा गरेका छन्।

उक्त अवसरमा संस्थाका कोषाध्यक्ष राम प्रकाश कुमरसनियाँले आव २०७७/७८ को २ करोड ६३ लाख २३ हजार ६ सय ६८ रूपैया बराबरको आय ब्यय सार्वजनिक गरे।

संस्थाले सप्तकोशी, कंचनरूप, तिरहुत गाउपालिका, हनुमाननगर कंकालनी नगरपालिका, महदेवा गाउपालिका, छिन्नमस्ता गाउपालिका लगायतमा कार्यक्रम गर्दै आएको कार्यकारी निर्देशक देवनारायण यादबले जानकारी दिएका छन।

समाजका कार्यकारी निर्देशक देव नारायण यादबले आव ०७८ र ७९ को २ करोड ९९ लाख बराबरको अनुमानित कार्यक्रम सार्वजनिक गरे।

कोशी पीडित समाजका अध्यक्ष ननुलाल मण्डलको अध्यक्षतामा आयोजित कार्यक्रममा पुर्व सभासद लक्ष्मी चौधरी, पुर्व बिधायक सुर्यनाथ यादब, कोशी पीडित समाजका कार्यकारी निर्देशक देव नारायण यादब, गैसस महासँघ कार्यवाहक अध्यक्ष बलदेव मण्डल, नेपाल पत्रकार महासँघ सहसचिव चन्दनकुमार यादब, समाजसेवी राजेन्द्र सढोक, बब्ली साह, लगायतले शुभकामना मन्तब्य दिएका थिए भने कार्यक्रमको संचालन संस्थाका महासचिव पार्वति चौधरीले गरेका थिए।

बिस. २०६० सालमा स्थापना भई बिपद उत्थानशिल समुदाय, स्थानिय बिपद सुशासन प्रवद्धन र समुदायको बिपद सामना क्षमता अभिबृद्धि, जलवायु परिवर्तनको असर न्युनिकरण र क्षमता अभिबृद्धि र बाढी बिपद सामना क्षमता अभिबृद्धि सम्बन्धी कार्यक्रम गर्दै आएको छ।



अनुरोधकर्ता : विष्णुपुर गाउँ कार्यपालिकाको कार्यालय, सप्तरी

# स्वतन्त्र न्यायालयको पक्षमा उभिन डिएलएको आह्वान

काठमाडौँ, १७ कात्तिक (रासस)।

नेपाल डमोक्रयाटिक लयर्स एशोसिएशन (डिएलए) ले जनताको न्याय पाउने हकको पक्षमा र स्वतन्त्र न्यायपालिकाको रक्षाको पक्षमा एकजुट भएर उभिन आह्वान गरेको छ।

डिएलएका महासचिव लक्ष्मीदेवी दाहालले बुधबार जारी गर्नुभएको प्रेस विज्ञप्तिमा सबै सेचत समुदायलाई संविधानप्रदत्त जनताको न्याय पाउने हक र स्वतन्त्र न्यायपालिकाको रक्षाको पक्षमा एकजुट हुन आह्वान गरिएको छ।

"अन्तर्राष्ट्रिय तहमा हाम्रो् न्यायलयको साख, विश्वास र प्रतिष्ठाको उचाइ आजपर्यन्त गौरवपूर्णरूपमा छ, सो साख जोगाउँदै यस विषम् परिस्थितिमा सहज निकास खोज्न र यो गतिरोध अन्त्य गरी न्यायपालिकाको स्वर्णीम इतिहासलाई जोगाउन अघि बढौँ", विज्ञप्तिमा भनिएको छ।

त्यस्तै, न्यायपालिकाभित्र रहेको विकृति, विसङ्गति, भ्रष्टाचार समाप्त गर्न विचौलिया नियन्त्रणसम्बन्धी अध्ययन प्रतिवेदनसमेत यथाशीघ्र कार्यान्वयन गरी न्यायपालिकाको गरिमा बढाउने कार्यमा लाग्न सम्बन्धित जिम्मेवार निकायसँग डिएलएले अपिल गरेको छ।

चाडपर्वको बेला सवारी साधनमा भिडभाड नगरौं,
मादक पदार्थ सेवन गरी सवारी साधन नचलाऔं।

*दुर्घटनाबाट आफूपनि बचौं र अरुलाई पनि बचाऔं*

नेपाल सरकार
विज्ञापन बोर्ड

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस्।
हाम्रो सेवाहरु
नेपाल सहकारी संस्था लि.
राजविराज ४, फोन नं. ०३१-५२१०९६
ipay remit
City Express Money Transfer
Best Remit Quick & Easy
Prabhu Money Transfer
रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम
IME International Money Express
himal remit हिमालरेमिट
CG Money

**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*